परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २२ २०८२ पुस १३ आईतवार Sunday, 28 DEC 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## विराट ट्रेड एक्सपोमा जेनजी आन्दोलनपछि व्यपार, कर र अर्थतन्त्र बारे छलफल

विराटनगरमा विराट ट्रेड एक्स्पो : जेनजी आन्दोलनपछि व्यापार, कर र समसामयिक अर्थतन्त्रबारे बहस

विराटनगर । विराट ट्रेड एक्स्पोमा सञ्चालन भइरहेको थिमेटिक सेसनअन्तर्गत शनिबार पछिल्लो कर संरचना, जेनजी आन्दोलनपछिको अवस्था र समसामयिक वातावरणमा उद्योग, व्यापार तथा व्यवसायको भविष्य विषयमा गहन छलफल गरिएको छ ।




'जेनजी आन्दोलनपछिको व्यापार-व्यवसाय : के भयो, के हुनुपर्थ्यो र अबको बाटो' शीर्षकको सत्रमा निजी क्षेत्र, नीति निर्माण तह तथा उद्योगी व्यवसायीले र योजनाविद्हरूले आ-आफ्ना धारणा राखेका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजालले जेनजी आन्दोलनले देशलाई ठूलो सन्देश दिन खोजेको बताउँदै पुराना पुस्ता, राजनीति र कर्मचारीतन्त्र नसच्चिएसम्म आन्दोलनको मर्म पूरा नहुने धारणा राखे । उनले निजी क्षेत्रले धैरै अघिदेखि उठाउँदै आएका माग राज्य र राजनीतिक दलहरूले नसुनेकै कारण असन्तुष्टि विस्फोट भएको बताए । "देशमा भ्रष्टाचार अति भएपछि युवाहरू सडकमा उत्रिएका हुन्," उनले भने, "अब नीति, नियम र कार्यशैली सबै सहज र माटो सुहाउँदो हुनुपर्छ ।"

छलफल जेनजी आन्दोलनले दिएको सन्देश, त्यसले उद्योग-व्यवसायमा पारेको प्रभाव र अब देशले लिनुपर्ने आर्थिक तथा नीतिगत बाटोमा केन्द्रित थियो । सहभागीहरूले आन्दोलनले उठाएका मुद्दा जायज भए पनि त्यसको स्वरूप र असरले निजी क्षेत्र थप असुरक्षित बनेकोमा चिन्ता व्यक्त गरका थिए ।

रिजालले आगजनी, तोडफोड र उद्योगी-व्यवसायीमाथि आक्रमणले निजी क्षेत्रमा 'चिसो' पसेको उल्लेख गर्दै यस्तो प्रवृत्तिले लगानी र रोजगारी दुवैलाई असर गर्ने चेतावनी दिए । नेपाल ठूलो बजार भएको भन्दै उनले डिजिटल बजार, हाइड्रोपावर, कृषि, पर्यटन र निर्यात प्रवर्द्धनमा ठूलो सम्भावना रहेको बताए । "निर्यात बिना व्यापार घाटा घटाउन असम्भव छ," उनले जोड दिए ।

मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्ष पवन शारडाले जेनजी आन्दोलन व्यापक असन्तुष्टिको परिणाम भएको र मागहरू जायज भएको बताए । तर राजनीतिक दल र कर्मचारी तन्त्रमा अझै मानसिक परिवर्तन नआएको उनको भनाइ थियो । "भ्रष्टाचाररहित देश नबनाइन्जेल जेनजी आन्दोलनको सार्थकता हुँदैन," उनले भने । भारत र चीनको उदाहरण दिँदै उनले

वांकी अन्तिम पेजमा...

## एभरेष्टले जिते राष्ट्रिपति रनिङ शिल्डको उपाधी

विराटनगर । विराटनगर महानगरपालिका स्तरीय १८ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता -२०८२ को उपाधी एभरेष्ट स्कुलले जितेको छ । एभरेष्टले ११ स्वर्ण, ९ रजत र ११ कास्य पदक गरि ३१ पदकका साथ उपाधि जितेको छ ।

त्यसैगरी प्रतियोगिता ८ स्वर्ण, ११ रजत र ७ कास्य गरि २६ पदकका साथ आदर्श माध्यमिक विद्यालयले दोस्रो स्थानमा हासिल गरेका छ भने सत्यनारायण माध्यमिक विद्यालयले ८ स्वर्ण ७ रजत र ७ कास्य गरि २२ पदकका साथ तेस्रो स्थान हासिल गर्न सफल भएको छ ।

विराटनगर महानगरपालिकाको आयोजना र एभरेष्ट माविको संयोजनमा पुस ९ देखि सञ्चालन भएको प्रतियोगितामा विराटनगर महानगरपालिकामा अवस्थित ६५ वटा विद्यालयका १ हजार ५ सय २५ जना विद्यार्थीले सहभागिता जनाएका थिए । प्रतियोगितामा छात्रको ६६ र छात्राको ६६ गरेर १३२ वटा पदकका लागि भलिबल, कबड्डी, तेक्वान्दो, उसु, मार्सल आर्टलगायत ट्र्याक र फिल्ड खेलहरूमा प्रतिस्पर्धा भएको थियो ।

छात्र ट्रिपल जम्पमा जनता माविका समिर राजवंशीले स्वर्ण, सत्यनारायणका रोहन शर्मा रजत र आदर्श माविका अमन राजवंशीले कास्य पदक जिते भने ट्रिपल जम्प छात्रातर्फ स्टार माविकी प्रिया मिश्रले स्वर्ण, मिल्स माविकी तरबा खातुनले रजत र आदर्शकी मोहिनी दासले कास्य पदक जितिन् ।

८ सय मिटर दौड छात्रतर्फ सत्यनारायणका नितेश भट्टराईले स्वर्ण, जनता नमुना माविका समिर राजवंशीले रजत र ग्यालेक्सी माविका विवश अधिकारीले कास्य पदक हात पारे । २ सय मिटर छात्रतर्फ महेन्द्र माविका विराट राजवंशीले स्वर्ण, अरनिको माविका अभिषेक यादव रजत र जनता नमुनाका आयुष राजवंशीले कास्य पदक जिते ।


२ सय मिटर दौडको छात्रातर्फ सरस्वती माविकी फूलकुमारी राजवंशीले स्वर्ण, स्टार माविकी प्रिया मिश्रले रजत र आदर्श माविकी एन्जिला भट्टराईले कास्य पदक जितिन् ।

विजयी खेलाडी तथा

वांकी अन्तिम पेजमा...

## जसपा निर्वाचनमा सहभागी हुन्छ : यादव

विराटनगर । जनता समाजवादी पार्टी नेपालको कोशी प्रदेश समितिद्धारा शनिवार आयोजना गरिएको जनसभालाई सम्बोधन गर्दै पार्टीका अध्यक्ष उपेन्द्र यादवले जनता समाजवादी पार्टी निर्वाचनमा सहभागी हुने वताएको छ ।


अध्यक्ष : उपेन्द्र यादव

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बलमा आएको प्रधानमन्त्री शुशीला कार्कीको नेतृत्वले अगामी फागुन २१ गतेको लागि घोषण गरिएको निर्वाचनमा अनिर्वाय सहभागी हुने स्पष्ट पार्दै भने निर्वाचन लोकतन्त्र मुल अभ्यास र गहना भएकोले यसवाट जसपा कहिले पनि पछि नहट्ने वताए । साथै जसपाले घोषण गरेको आन्दोलन हुने धारणा राखेका थिए ।

अध्यक्ष यादवले युवाहरुले मुलुकमा भ्रष्टाचार अन्त्य ,सुशासन र सामाजिक सञ्जाल माथिको प्रतिबन्ध हटाउन भदौ २३ २४ गते विद्रोह गरेको भन्दै विगतको सरकारको कुशासनको कारण अहिले मुलुक सङ्कट ग्रस्त भएको आरोप लगाउनु लगाएका थिए ।

उहाँले नेकपा एमाले र नेकांको ३५ वर्षको शासनको

वांकी अन्तिम पेजमा...






## महिला...

सञ्चालक अंकिता गिरीले आफ्नो संघर्षपूर्ण यात्रा सुनाइन् । "ब्रान्ड बनाउनु सजिलो थिएन, दुर्घटना र असफलतासमेत भोगें," उनले भनिन्, "तर सपना बुन्न छाडिनँ । सानोबाट सुरु गर्नुहोस्, एकदिन त्यो ठूलो बन्छ ।"

रिट कस्मेटिक्सकी सञ्चालक अञ्जना कट्टेल सुवेदीले उद्यमी बन्नुअघि कर्मचारीको अनुभव अनिवार्य हुने धारणा राखिन् ।

"इम्प्लोइको संघर्ष बुझेपछि मात्र राम्रो उद्यमी बन्न सकिन्छ," उनले भनिन् । कम्फर्ट जोनबाट बाहिर ननिस्केसम्म महिलाहरुले धेरै काम गर्न नसक्ने बताउँदै आफू पहिले कर्मचारीको रुपमा कार्य गर्दै उद्यमी बनेको बताइन । उनले भनिन् ,"चुनौतीलाई अवसरका रूपमा लिएर अघि बढ्न सक्यौं भने सफलता टाढा हुँदैन ।"

बारी रोस्टरीकी सञ्चालक डिना प्रधानले नेपाली कफीलाई ब्रान्ड बनाउने यात्राबारे आफ्ना अनुभव साटासाट गरेकी थिइन । "कोभिडको कठिन समयमा पनि नेपाली कफी प्रवर्द्धन गर्ने सोचले अघि बढ्यौं," उनले भनिन्, "अवसर नेपालमै छन्, सोच र निरन्तरता चाहिन्छ ।"

सफ्टवेयर उद्यमी लुबिना शर्माले आईटी क्षेत्रमा महिला सहभागिता अझै कम भए पनि सम्भावना प्रशस्तै रहेको बताइन् ।

"इन्टरनेट र स्किल भए जहाँबाट पनि काम गर्न सकिन्छ," उनले भनिन्, "सिनारियो परिवर्तन हुँदैछ, अगाडि बढिरहनु नै मुख्य कुरा हो ।"

संघका अनुसार शुक्रबार आईटी, साइबर सेक्युरिटी, एआई, डिजिटल मार्केटिङ, ई-कमर्स र स्टार्टअप आइडिया पिचिङसम्बन्धी सेसन हुनेछन् । सरकारले ल्याएका नीतिले उद्यमशीलता कसरी बढाउँछ भन्ने विषयमा समेत छलफल गरिनेछ ।

विराट ट्रेड एक्स्पोअन्तर्गत सुरु भएको यी थिमेटिक सेसनले महिला, युवा र विद्यार्थीलाई उद्यमशीलतातर्फ आकर्षित गर्ने कार्यक्रम संयोजक अनिल शारडाले बताए ।

NO SMOKING

## विराट ट्रेड...

छिमेकी मुलुकहरूले प्रगति गरिसक्दा नेपाल किन पछि पर्‍यो भन्ने प्रश्न उठाए ।

शारडाले उच्च करका कारण नेपाली उद्योग व्यवसाय भारतसँग प्रतिस्पर्धी बन्न नसकेको उल्लेख गर्दै सरल कर प्रणाली लागू गर्नुपर्नेमा जोड दिए । शिक्षा र स्वास्थ्य क्षेत्रमा बढ्दो राजनीतिकरण र कमजोर सरकारी सेवाका कारण नागरिक निजी क्षेत्रतर्फ बाध्य भएको उनको भनाइ थियो । युवा पलायन रोक्न सूचना प्रविधि (आईटी) क्षेत्रमा लगानी बढाउनुपर्ने सुझाव पनि उनले दिए ।

उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलालले जेनजी आन्दोलनले अर्थतन्त्र र व्यवसायमा ठूलो क्षति पुर्‍याएको बताए । "दुई दिनमै करिब एक खर्ब रुपैयाँ बराबरको क्षति भयो," उनले भने । आन्दोलनको नेतृत्व स्पष्ट नहुँदा व्यवसायी झन् त्रसित बनेको उनको भनाइ थियो । कर तिर्ने व्यवसायीले सुरक्षा प्रत्याभूति नपाएको गुनासो गर्दै उनले लगानीको वातावरण बिग्रिएको बताए ।

आफ्नो होटलमा आगलागी हुँदा पर्याप्त सहुलियत नपाएको उदाहरण दिँदै दुलालले करदाता सम्मानित हुने संस्कार विकास गर्नुपर्नेमा जोड दिए । उपभोक्ता घट्दै जानु र युवा पलायन देशकै ठूलो समस्या बनेको उल्लेख गर्दै उनले पर्यटन, कृषि र जलविद्युतमा लगानी बढाएर देशभित्रै अवसर सिर्जना गर्नुपर्ने धारणा राखे ।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाले जेनजी आन्दोलन नेतृत्वविहीन र संगठनविहीन भएकाले अपेक्षित परिणाम दिन नसकेको बताए । आन्दोलनको नाममा निजी क्षेत्रमा भएको आक्रमण निन्दनीय भएको उनको भनाइ थियो । संघीय शासन प्रणालीपछि विकास नभएको भन्ने भाष्य गलत भएको दाबी गर्दै उनले विकासले गति लिएको तर दृष्टिकोणको अभाव देखिएको बताए ।

निरौलाले कर प्रणाली सुधार, संघ-प्रदेश-स्थानीय तहबीच कानुनी एकरूपता र राष्ट्रिय पूँजी संरक्षणको आवश्यकता औंल्याए । पर्यटन क्षेत्रमा अथाह सम्भावना रहेको भन्दै एकीकृत मास्टर प्लान बनाएर नतिजामुखी विकासमा अघि बढ्नुपर्ने सुझाव दिए । "सुशासनसहितको विकास प्रणालीमा प्रवेश गर्नु नै जेनजी आन्दोलनको मूल माग हो," उनले भने, "तीन तहका सरकारबीचको खाडल पुर्नु र सार्वजनिक-निजी साझेदारीमा काम गर्नु आजको आवश्यकता हो ।"

छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नवीन रिजाल, मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्ष पवन शारडा, उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, सिएनआई कोशी प्रदेश अध्यक्ष पवन शारडा तथा कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौला प्यानलिस्टका रूपमा सहभागी थिए । कार्यक्रमको सहजीकरण बिजनेस एजका सम्पादक मदन लम्सालले गरेका थिए ।

कार्यक्रम संयोजक अनिल शारडाका अनुसार यस्ता छलफलले नीति निर्माता, निजी क्षेत्र र युवाबीच संवाद बढाउने विश्वास लिइएको छ । विराट ट्रेड एक्स्पोले व्यापार प्रवर्द्धनसँगै नीतिगत बहसलाई समेत प्राथमिकता दिएको सहभागीहरूको निष्कर्ष थियो । शत्रको शुरुवातमा आईक्यान मोरङका अध्यक्ष सिए सुरज तिम्सिनाले वर्तमान कर प्रणाली र खाता संचालन सम्बन्धी विषयमा प्रस्तुति दिएका थिए ।

त्यसैगरी दोस्रो शत्रमा नयाँ भन्सार कानुन तथा नियामक प्रावधान विषयमा भन्सार कार्यालय विराटनगरका सूचना अधिकारी विमल कुमार शाहको प्रस्तुति थियो । प्रमुख अतिथि आन्तरिक राजश्व कार्यालय विराटनगरका प्रमुख केशव सेढाइँले कर प्रणालीका विषयमा आफ्ना धारणा राखेका थिए ।

NO SMOKING

## जसपा...

अवधिमा यस क्षेत्रमा रहेका उद्योगधन्दा बन्द हुनुका साथै युवाहरु बेरोजगार भै विदेश पलायन हुन बाध्य भएको भन्दै अध्यक्ष यादवले मुलुकमा राजनीतिक स्थिरता दिन संविधान संशोधन गरी जनतावाट प्रत्यक्ष निर्वाचन राष्ट्रपति प्रणालीमा जानु पर्ने धारण राखेका थिए ।

पार्टीका सह अध्यक्ष रकम चेम्जोङ्गले भदौ २३ गतेको जेनजी विद्रोहमा १९ जना युवाहरुको हत्या हुनु अमानवीय कार्य भएको बताउदै युवाहरुले उठाएको भ्रष्टाचारको अन्त्य र सुशासन कायम भएमा मुलुकमा स्थिरता आउने दावी दावी गरेका थिए । जनसभामा प्रदेश अध्यक्ष दीपक याक्ख्या, केन्द्रीय सचिव राजकुमार राई र जिल्ला अध्यक्ष राजकुमार यादव लगायतले वर्तमान अवस्थाका वारेमा चर्चा गरेका थिए ।

## एभरेष्टले...

विद्यालयहरुलाई विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइराला, प्रतियोगिताको संयोजन गरेको विद्यालयका प्रिन्सिपल टिकाराम पुरी र महा नगरका शिक्षा महाशाखा प्रमुख रामप्रसाद ढुंगेलले पुरस्कार तथा ट्रफि वितरण गर्दै विराटनगरस्थित शहीद रंगशाला मा शुक्रबार प्रतियोगिता सम्पन्न भएको थियो ।

### चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

### पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

#### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# लोकतन्त्रको मेरुदण्ड निर्वाचन

भदौ २३ र २४ गते जेनजी यूवा समूहले गरेको आन्दोलनले शुशीला कार्कीको नेतृत्वमा सरकार गठन गरी फागुन २१ गतेको लागि निर्वाचन तोकिएको छ। लोकतन्त्र भनेको जनताद्धारा जनताले गरिने शासन प्रणली हो जहाँ जनताले आफ्ना प्रतिनिधि स्वयं छान्ने अधिकार राख्छन्। यही अधिकारको व्यवहारिक प्रयोग हुने प्रमुख माध्यम भनेको निर्वाचन हो। त्यसैले भनिन्छ–निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड हो। यदि निर्वाचन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय भएन भने लोकतन्त्रको अस्तित्व नै कमजोर बन्छ। स्वस्च निर्वाचनको लागि सवै एक जुन हुन जरुरी छ।

निर्वाचनले जनताको मत, चाहना र आवाजलाई राज्यसत्तासम्म पुऱ्याउने पुलको काम गर्छ। यसमार्फत जनताले असल नेतृत्व चयन गर्न सक्छन् र असफल वा भ्रष्ट नेतृत्वलाई शान्तिपूर्ण तरिकाले हटाउने अवसर पाउँछन्। यही कारणले निर्वाचनलाई लोकतान्त्रिक अभ्यासको सबैभन्दा शक्तिशाली औजार मानिन्छ। स्थानीय तहदेखि संघीय संसदसम्म जनप्रतिनिधि चयन गर्ने प्रक्रिया निर्वाचनबाटै सम्पन्न हुन्छ। यसले समावेशिता, प्रतिनिधित्व र उत्तरदायित्वलाई बलियो बनाउँछ। महिला, दलित, जनजाति, मधेसी तथा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गर्न निर्वाचन प्रणालीले महत्त्वपूर्ण योगदान दिएका हुन्छ।

निर्वाचन प्रणालीलाई अझ पारदर्शी, निष्पक्ष र प्रविधिमैत्री बनाउनु। निर्वाचन आयोगलाई पूर्ण स्वतन्त्र र सशक्त बनाइनुपर्छ। साथै, मतदातामा राजनीतिक चेतना अभिवृद्धि गराउँदै आफ्नो मतको सही प्रयोग गर्ने संस्कार विकास गर्नु पनि उत्तिकै जरुरी छ। निर्वाचन केवल भोट हाल्ने प्रक्रिया मात्र होइन; यो जनताको अधिकार, जिम्मेवारी र लोकतन्त्रको आत्मा हो। त्यसैले लोकतन्त्रको मेरुदण्ड निर्वाचनलाई सुरक्षित, स्वच्छ र विश्वासयोग्य बनाउनु आजको सबैभन्दा ठूलो आवश्यकता हो।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# बंगलादेशको जस्तो कहालीलाग्दो ठाउँमा नपुगोस नेपाल

**रमेश अधिकारी**

आजकल चिया पसलदेखि चौतारासम्म, अन्तर्वार्तादेखि अखबारका पानासम्म नेपाल बंगलादेशको पथमा जाँदैछ वा जान लागेको छ भनेर चर्चा र चिन्ता गरिएको सुनिन्छ वा पढिन्छ।

प्रधानमन्त्री सुशीला कार्कीले समेत पुस १० गते बाह्रखरी कथा प्रतियोगिताका विजेता घोषणा तथा पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै 'नेपाललाई बंगलादेश बनाउन दिन नहुने' भनेपछि यसबारे कुतूहलता जागेको छ।

प्रधानमन्त्रीजीले त्यसरी कुनै देशको नामै लिएर भन्न हुन्थ्यो कि हुँदैन थियो, मैले यहाँ यो विषय उठाउन खोजेको होइन।

के नेपाल साँच्चै बंगलादेशको मार्गमा जान लागेको हो त ?

यो लेखमा यसैबारे विश्लेषण गरेको छु।

राजनीतिक अस्थिरताबाट गुज्रिरहेका नेपाल र बंगलादेश दुवै दक्षिण एसियाली मुलुक हुन्।

यी दुई देशका धेरै पक्ष समान छन् र दुवैको भविष्य अन्योल देखिन्छ। अन्योलताको मात्रा र दर भने फरक देखिन्छ। दुई मुलुकको जनसंख्या, भूगोल र विकासको गतिमा पनि भिन्नता देखिन्छ।

बंगलादेश १७.५ करोड जनसंख्यासहित विश्वकै घना मुलुकमध्ये एक (१,२६५ व्यक्ति/वर्गकिलोमिटर) हो। जबकि, करिब ३ करोड जनसंख्या भएको नेपालमा जनघनत्व करिब २०० प्रति वर्गकिलोमिटर छ।

क्षेत्रफलको हिसाबले लगभग उस्तै भए पनि भूगोलका हिसाबले बंगलादेश समथर तटीय क्षेत्रमा छ। त्यसैले बाढी र जलवायु परिवर्तजको जोखिम उच्च छ। नेपाल मूलतः हिमाल, पहाड र तराई भूभागमा फैलिएको छ। र, आधारभूत संरचना निर्माण र यातायातको मुख्य चुनौती भोगिरहेको छ।

बंगलादेश श्रमशक्ति, रेमिटेन्स र वैदेशिक रोजगारीमा समान रूपमा निर्भर छ। तयारी पोसाक उद्योगमा आधारित तीव्र आर्थिक वृद्धिले प्रति व्यक्ति आय २५९३ डलर पुऱ्याएको छ। नेपालको प्रति व्यक्ति आय १४४७ डलरमा छ।

मानव विकास सूचकांकमा पनि बंगलादेश ०.६७० मा देखिन्छ भने नेपाल ०.६०१ मा छ।

यसरी आर्थिक दृष्टिले बंगलादेश अगाडि देखिए पनि राजनीतिक स्थिरतामा कुरा फरक छ।

ग्लोबल पिस इन्डेक्स २०२५ अनुसार बंगलादेश १३९ श्रेणीमा (मध्यम जोखिम) र नेपाल ७९ श्रेणीमा (निकै शान्तिपूर्ण) पर्छ। यसैगरी फ्राजाइल स्टेट इन्डेक्समा बंगलादेश ४९.१ (उच्च चेतावनी) र नेपाल ७२.३ (चेतावनी) वर्गमा पर्छ।

नेपालमा सन् २००८ यता सरकार धेरै पटक बदलिए पनि संवैधानिक निरन्तरता कायम रह्यो।

सन् २००८ मा पहिलो संविधानसभाको, सन् २०१३ मा दोस्रो संविधानसभाको र सन् २०१७ र सन् २०२२ मा भएका आवधिक निर्वाचन तुलनात्मक रूपमा स्वच्छ, निष्पक्ष, विश्वसनीय र समावेशी भए जसले लोकतन्त्र मजबुत हुँदै गयो।

बंगलादेशमा भने सन् २००९ देखि २०२४ सम्म एउटै दलको स्थायी शासन रह्यो। पटक-पटक भएका निर्वाचन हरू नाम मात्रका भए। सन् २०२४ पछि राजनीतिक प्रणालीमै ठूलो संकट आयो।

यसरी हेर्दा अर्थतन्त्र र मानव विकासमा बंगलादेशले नेपाललाई उछिने पनि राजनीतिक स्थिरता, संक्रमण व्यवस्थापन, शान्तिपूर्ण सत्ता-हस्तान्तरण र समग्र लोकतन्त्रमा भने नेपाल बढी उत्तरदायी र परिपक्व देखिन्छ। दुवै देशको आसन्न निर्वाचन हेर्दा नेपाल तुलनात्मक रूपमा सुरक्षित र वैधानिक बाटोमा देखिन्छ।

अब बंगलादेशको राजनीतिक उतारचढावको कुरा गरौं।

बंगलादेशले सन् १९७१ मा स्वतन्त्र भएयता १९७५ देखि १९९० र २००७ देखि २००८ सम्म दुई पटक सैनिक शासन बेहोऱ्यो। सन् १९७५ मा शेख मुजिब र सन् १९८१ मा जिया-उर-रहमानको हत्या भएको थियो।

यसरी १९८० दशकको सैन्य शासन र सन् २००९ देखि २०२४ सम्मको हसिना काल दुवै अवधिमा बंगलादेश एकदलीय अधिनायकवादी प्रवृत्तिले प्रभावित भयो। हालको विद्यार्थी आन्दोलनपछि अवामी लिगमाथिको प्रतिबन्धले झन् संकट थपियो।

पछिल्ला पचास वर्षमा १९ पटकसम्म संकटकाल वा कर्फ्यु लागिसकेको बंगलादेशमा सन् २०२४ को आन्दोलनपछि अहिले पनि हिंसा र प्रतिशोध लगातार बढ्दो छ।

कहिल्यै विदेशी उपनिवेशमा नपरेको देश नेपालमा सन् २००८ मा शान्तिपूर्ण रूपमा २४० वर्षे राजतन्त्र अन्त्य गरी गणतन्त्रमा प्रवेश गऱ्यो। सन् २०१५ मा संविधान जारी गऱ्यो। सन् २०२५ को जेनजी आन्दोलनपछि फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको छ।

नेपालमा यस अवधिमा कुनै सैनिक कू नभए पनि हालैको राजनीतिक परिवर्तनमा सेनाको चासो र संलग्नता देखिएको थियो। अन्तरिम सरकार गठनपछि भने सेना पछाडि सऱ्यो।

शेख हसिनाको सत्ता पतनदेखि लिएर विद्यार्थी आन्दोलन, अन्तरिम सरकारले गरेको अवामी लिगमाथिको प्रतिबन्ध र हसिनालाई मृत्युदण्ड सुनाउने अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणको फैसलापछि बंगलादेशको राजनीतिक गाँठो सहजै खोल्न सकिने स्थिति देखिँदैन।

यसरी हेर्दा दुई देशको अवस्था स्पष्ट रूपमा भिन्न छ। बंगलादेशमा भएको यो परिवर्तन केवल नेतृत्व परिवर्तन होइन, राज्यको चरित्र नै कसरी रूपान्तरण हुन सक्छ भन्ने उदाहरण हो।

नेपालको परिवर्तन भनेको अवस्था परिवर्तन गर, देशमा सुशासन देऊ र भ्रष्टाचार निवारण वा न्यूनीकरण गर भन्ने माग हो।

बंगलादेशले पछिल्लो समयमा अपनाएको 'निषेधको राजनीति' का रूपमा राजनीतिक दललाई प्रतिबन्ध, नेताहरूलाई कानुनी प्रक्रियाद्वारा प्रतिस्पर्धाबाट रोक लगाउने र राज्य संयन्त्रले विरोधीको उपस्थिति मन नपराउने कारणले यति छोटो अवधिमा कत्रो ठूलो संकट आयो भन्ने हाम्रा लागि पाठ हुन सक्छ।

दक्षिण एसियाका दुई प्रमुख शक्ति राष्ट्र भारत र चीनसँगको सम्बन्ध व्यवस्थापन गर्ने सन्दर्भमा नेपाल र बंगलादेश फरक फरक मार्गमा उभिएको भन्न सकिन्छ।

नेपालले ऐतिहासिक रूपमै दुवै छिमेकीसँगको सम्बन्ध तुल नात्मक रूपमा सन्तुलित र तटस्थ राख्ने प्रयास गर्दै आएको छ। यस कारण ठूला राजनीतिक उतारचढावबीच पनि कूटनीतिक दुर्घटनाको जोखिम न्यून देखिएको छ।

बंगलादेशको सन्दर्भमा भने परिस्थिति अत्यन्तै जटिल र चिन्ताजनक बनेको छ।

भारत र बंगलादेशबीच भिसा सुविधा स्थगन हुनुले दुई देशबीचको कूटनीतिक र जनस्तरको सम्बन्धलाई ऐतिहासिक रूपमै संशयपूर्ण मोडमा पुऱ्याएको छ।

एक हिन्दु विद्यार्थीको सार्वजनिक हत्या हुनुले त्यहाँको आन्तरिक सुरक्षा, कानुनी राज्यको उपहास र साम्प्रदायिक सदभावमा उत्पन्न गम्भीर संकट उजागर गरेको छ। यसबाट अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा बंगलादेशलाई एक्लो बनाउने मात्र नभई, आन्तरिक रूपमा प्रतिशोध र हिंसाको नयाँ शृंखला सुरू गर्ने जोखिम बढेको छ।

यसले आसन्न निर्वाचन र लोकतान्त्रिक स्थिरताको भविष्यलाई झनै अनिश्चित बनाएको छ।

नेपालमा पनि नटुंगिएको शान्ति प्रक्रिया, दण्डहीनता, राजनीतिक प्रतिशोध, अधुरो संक्रमणकालीन न्याय, प्रमुख दलहरूको अविश्वास र सुरक्षा निकायको भूमिका सम्बन्धी चर्चा लगातार भइरहेका छन्।

यस्तो संवेदनशील समयमै बंगलादेशको पाठबाट नेपालले सिक्न सके आगामी मार्ग सहज हुने देखिन्छ।

**बंगलादेशको पछिल्लो सुरक्षा संकट**

भर्खरै विद्यार्थी नेता तथा आगामी निर्वाचनका उम्मेदवार शरीफ उस्मान हादीको ढाकामा नकाबधारी समूहद्वारा गोली हानी गरिएको हत्या र लगत्तै श्रमिक संगठनका शीर्ष नेतामाथि भएको गोली प्रहारले देशमा सुरक्षा र विधिको शासनको स्थिति झन् झन् चिन्ताजनक हुँदैछ।

बंगलादेशमा निषेध र प्रतिशोधका कारण राजनीतिक प्रतिस्पर्धाको सट्टा हिंसा र असुरक्षाले स्थान लिँदै गएको छ। यसले लोकतन्त्र कमजोर हुँदै गएको भान हुन्छ।

बंगलादेशका यस्ता दुःखद घटनाक्रमहरू नेपालका लागि पनि चेतावनी हुन्।

निर्वाचनको मुखमा उम्मेदवारहरूकै हत्या हुनु र श्रमिक नेताहरू असुरक्षित हुनुले बंगलादेशमा आसन्न निर्वाचनको वैधानिकता र सम्भावना दुवैलाई थप संशयमा पारेको छ।

नेपालमा पनि सन् २००६ देखि निकास दिन नसकिएको र उच्च प्राथमिकतामा नपरेको संक्रमणकालीन न्याय र दण्डहीनताको स्थिति ढिला नगरी विधिसम्मत रूपमा सम्बोधन गर्नुपर्छ। यसो नगरे नेपालमा पनि असन्तुष्टि र प्रतिशोधले यस्तै हिंसात्मक रूप लिन नसक्ला भन्न सकिँदैन।

निर्वाचनको तयारीमा जुटिरहेको नेपालले बंगलादेशको यो रक्तपातपूर्ण बाटोबाट पाठ सिक्दै कुनै पनि पक्षलाई निषेध नगरी सहमति र संवैधानिक सुरक्षाको प्रत्याभूति गराउन सरकारले छाती ठूलो बनाउनुपर्छ। नयाँ तथा पुराना दलहरूले जिम्मेवारीबोध गरी संयमता अपनाउनुपर्छ। नागरिक समाज र मिडियाले यसमा साधुका रूपमा काम गर्न सक्छन्।

**बंगलादेशको संकट-निषेधको राजनीति**

सन् २०२४ को कोटा आन्दोलनको नाममा सडकमा आक्रोश बढ्दै जाँदा शेख हसिनाको १५ वर्षे लामो सत्तावादी शैली, संस्थागत भ्रष्टाचार, विपक्षीविरूद्धको लगातार दमन, मानव अधिकार दुरूपयोग र लोकतान्त्रिक संस्थाको अवमूल्यन विरूद्धको जनआक्रोशले उग्र रूप लियो। र, शेख हसिना भागेर छिमेकी राष्ट्र भारतको शरणमा पुगिन्। अहिले उनी निर्वासित जीवन बिताइरहेकी छन्।


अरब स्प्रिङदेखि चिलीका शिक्षा आन्दोलनसम्म र नेपालको सामाजिक सञ्जालहरू प्रतिबन्ध भएपछि लिइएका आन्दोलन प्रायः सबै साना मुद्दाबाट सुरू भई ठूलो राजनीतिक परिवर्तनको

वांकी ५ पेजमा...

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका ग्रामथानको परिचय

**१३. ग्रामथान पैटा पश्चिम टोल**


धनपालथान गाउँपालिका वडा नं. २ पश्चिमटोल पैटामा रहेको मसना पैनीको छेउमा ग्रामथान पश्चिमटोल पैटा रहेको छ। टोलबासीले अन्य ठाउँमा ग्रामदेवताका पूजा गर्दै आएका थिए। त्यहीबीच सातवर्ष पहिले बाँस, कर्चीका टाटीको बेरा र टिनको छाना भएको सो ग्रामथानको स्थापना गरिएको ७८ वर्षिय टिकमलाल मण्डलले बताए।



मण्डलका अनुसार प्रत्येक वर्ष बैशाख ६ गते पूजा हुने गरेको छ। एक वर्ष पहिले गाउँबासीकै सहयोगमा ईंटाको पर्खाल लगाएर छत ढलाइ गरी एक कोठाको ग्रामथान निर्माण गरिएको छ। ग्रामथानमा एक कट्ठा १० धुर जग्गा रहेकोछ। उक्त ग्रामथानमा बैशणवी पूजा हुने गरेको छ।

**१४. खैरबना ग्रामथान**

धनपालथान गाउँपालिका वडा नं. २ भारतीय सीमामा जोडिएको खैरबना टोलको पश्चिम गदिया खोला जाने बाटोको दक्षिणपट्टि खेतको बीचमा खैरबना ग्रामथान रहेको थियो। ग्रामथानमा ईंटाको पर्खाल र टिनको छाना भएको तीनवटा ग्रामथान घर दक्षिण फर्किएर रहेको छ भने एउटा पूर्वमुख गरेको छ।



यो ग्रामथान कहिले स्थापना भएको हो कसैलाई थाहा छैन। तर पितापुर्खाको पालादेखि नै ग्रामथानमा पूजा हुँदै आएको स्थानीय ७० वर्षिय फागु मण्डल (दास)ले बताए। मण्डलका अनुसार सुरुमा बाँस, कर्ची, पराल, दाभी, काशीको सानो झुप्रो बनाई पूजा गरेका थिए। त्यसपछि समय परिवर्तनसँगै सखुवाका खम्बा र टिनाको छाना भएको ग्रामथान बनाएको हो। त्यसपछिपछिल्लो समय पिलर हालेर टिनको छाना भएको ग्रामथान बनाएको मण्डलको भनाइ छ।

प्रत्येक वर्ष बैशाख १० गते गाउँ टोलबासीको सहयोगमा बैशणवी पूजापुजारी मनोज मण्डलले गर्दै आएका छन्। यस ग्रामथानमा ३५-४० वर्ष पहिलेसम्मपाठापाठी र परेवाको वली दिएर पूजापाठ गर्दै आएकोमा गाउँबासीको सल्लाह अनुसार हाल बैशणवी विधिबाट पूजापाठ हुने गरेको छ।

**१५. ग्रामथान भवानीपुर**

धनपालथान गाउँपालिका वडा नं. २ भवानीपुर टोलमा बाटोको छेउमै पश्चिम-उत्तरतिर ग्रामथान भवानीपुर रहेको छ। उक्त ग्रामथानमा बैशाख महिनाभरि जुनसुकै दिन पूजा हुने गर्दछ। यसपालि बैशाख २ गते पूजा गरिएको स्थानीय ५१ वर्षिय नागेश्वर भगतले बताए।



माइती र ससुराली भवानीपुरमै रहेको बताउने ६५ वर्षिया बेलसरीदेवी चौधरीले भनेअनुसार यो ग्रामथान उनका बाबुबाजेकै पालादेखिकोहो। "म सानै हुँदा बाँस, कर्ची, सन्ठी र परालको छाप्रो भएको ग्रामथानमा पुजापाठ गरेको देखेकी हुँ।

त्यसपछि ईंटाको पर्खाल र छानामा टिन हालेर पूजा गर्न थालिएको हो। तीन वर्षपहिले तीन वर्ष पहिले दुई कोठा ढलान गरी फलामको गेटसमेत लगाएको छ। करिब २५ वर्ष पहिले ग्रामथानमा पाठापाठी, परेवाका बलि दिइन्थ्यो। तर, अहिले काटमार चल्दै आएको थियो। अहिले गाउँबासीको सहयोगमा वैशणवी पूजा हुने गरेको छ।

# नागरिक मैत्री प्रहरी सेवा प्रदान गर्न निर्देशन

विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीको निरीक्षण भ्रमणको क्रममा कार्यालय तथा सम्पुर्ण शाखाहरुको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरु लाई ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन गर्दै नागरिकमैत्री प्रहरी सेवा प्रदान गर्न निर्देशन दिएका छन्।

वहाँले सडक अनुशासन कायम राख्न ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउदै दुर्घटना न्यूनीकरण लाई पहिलो प्राथमिकतामा राखेर ट्राफिक व्यवस्थापन मिलाउन निर्देशन दिएका छन्। त्यसैगरी स्मार्ट ट्राफिक व्यवस्थापन प्रणाली, सिसिटिभी क्यामेरा, डिजिटल चालान प्रणाली लगायत आधुनिक प्रविधिको अधिकतम प्रयोग गरी ट्राफिक सेवा प्रभावकारी बनाउन तथा भीडभाड तथा दुर्घटनाको जोखिम बढी हुने स्थानहरूको पहिचान गरी विशेष ट्राफिक योजना बनाई कार्यान्वयन गर्न समेत निर्देशन दिएका छन्।

समुदायस्तरमा ट्राफिक सचेतना कार्यक्रमलाई प्रभावकारी बनाउन तथा नागरिकसँग शिष्ट व्यवहार, कानुन कार्यान्वयनमा निष्पक्षता कायम राखी कोशी प्रदेशमा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन समेत निर्देशन दिएका थिए। निरीक्षण भ्रमणको क्रममा प्रदेश प्रहरी प्रमुख घिमिरेलाई नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख दिपक गिरीले ट्राफिक जनशक्ति परिचालन, सेवाप्रवाह तथा कोशी प्रदेशको ट्राफिक व्यवस्थापनको बारेमा जानकारी गराएका थिए।

# प्रतिवन्धित लागुऔषध र ब्राउन सुगर सहित १० पक्राउ

विराटनगर। झापा, मोरङ र सुनसरी जिल्लाको बिभिन्न स्थानहरुबाट पुस १० गते प्रतिबन्धित औषधी र ब्राउन सुगर सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय भद्रपुरले चेकजाँचको क्रममा बिर्तामोड-८ की साहारा श्रेष्ठलाई ३ ग्राम ४० मिलिग्राम, ईलामको माई नगरपालिका-१ का सन्देश राई र टेक बहादुर लिम्बुलाई ५ ग्राम १०० मिलिग्राम लागुऔषध ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

चेकजाँचकै क्रममा लागु औषध नियन्त्रण ब्युरो काकरभिट्टाले कनकाई नगरपालिका-५ की सम्झना श्रेष्ठलाई ३ ग्राम ७ सय ८० मिलिग्राम र पाँचथर याङबरक-१ का हरी प्रसाईलाई प्रतिबन्धीत औषधी ५ सय ४५ ट्याब्लेट सहित पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय राजगढले भारत बिहारका मो.नाजिरलाई २ सय १० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको छ।

त्यसै गरी मोरङको इलाका प्रहरी कार्यलय पथरीले पथरीशनिश्चरे-२ का निरज गुरुङ र सुमता राईलाई ७ सय २० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको वडा प्रहरी कार्यालय धरानले धरान-७ का संसार थापा र संदेश लिम्बुलाई प्रतिबन्धित औषधी ट्रामाडोल ५ सय ७० पिस ट्याब्लेट र स्पासपेन ५ सय ५० क्याप्सुल सहित नियन्त्रणमा लिएको थियो।

इलाका प्रहरी कार्यालय धरानले धरान उप-महानगरपालिका-६ पानबारी स्थितमा डब्लुवी ०२ए.ए १४०२ नम्बरको कारबाट बेबारीसे अवस्थामा राखेको १ सय ८० किलोग्राम गाँजा बरामद गरेको थियो। पक्राउ परेका सबै उपर थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।




**खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी**

**अति आवश्यक जानकारी**

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

क्राईम अपरेशन

# विराट ट्रेड एक्सपोमा साइबर सुरक्षादेखि डिजिटल व्यपार सम्म

विराटनगर । विराट ट्रेड एक्सपोमा साइबर सुरक्षादेखि एआई र डिजिटल व्यापरसम्को बहस चलि रहेको छ ।

शुक्रबार सूचना प्रविधिका विविध आयामबारे केन्द्रित थिमेटिक सेसनमा सूचना प्रविधिलाई मूल विषय बनाउँदै साइबर सेक्युरिटी, एआई फर आन्त्रपेनसीप, डिजिटल मार्केटिङ र ई-कमर्स सम्बन्धी प्रस्तुति तथा छलफल गरिएको छ । साइबर सेक्युरिटी सत्रमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख एसपी कवित कटुवालले प्रविधिको फाइदासँगै बढ्दो जोखिमबारे सचेत बाजे जानकारी गराएकी थिईन ।



"एआई र सूचना प्रविधिले जीवन सहज बनाएको छ, तर यसको दुरुपयोगले ठूलो क्षति पनि भइरहेको छ," उनले भने, "आज बन्दुक वा चक्कु बोक्नुपर्दैन, मोबाइल र ल्यापटप भए पुग्छ ठगी गर्न ।" उनले अनलाइन स्क्यामका वास्तविक घटनाहरू सुनाउँदै हरेक वर्ष झण्डै २ अर्ब रुपैयाँ ठगी भइरहेको तथ्यांक सार्वजनिक गरेकी थिईन ।

"बैंकले कहिल्यै ओटीपी माग्दैन, तर हामी विश्वास गरेर दिइरहेका छौँ," एसपी कटुवालले भने, "राम्रो परिवारका, शिक्षित मानिसहरू समेत ठगीमा परिरहेका छन् ।" सोसल मिडियाबाट सुरु हुने फ्रेन्ड रिक्वेस्ट, भावनात्मक कुराकानी, निजी तस्विरको दुरुपयोग र आर्थिक शोषणसम्मका घटनाबारे उल्लेख गर्दै उनले चेतावनी दिए । "कसैलाई छिट्टै विश्वास नगर्नुहोस्, पासवर्ड कसैलाई नदिनुहोस्, रिसको झोकमा सामाजिक सञ्जालमा गाली नगर्नुहोस् साइबर कानुनले कारवाही गर्छ," उनको भनाई थियो ।

घटना भए तुरुन्त प्रहरी र अभिभावकलाई जानकारी गराउन आग्रह गर्दै प्रविधिको मिसयुजले कानुनी सजाय मात्रै होइन, जीवनमै दुर्घटना निम्त्याउन सक्ने र यस्तो अवस्थामा नेपाल प्रहरी सदैव सहयोगका लागि तयार रहेको बताए ।

सिल्भर गेट सफ्टवेयर प्रा.लि. का सिईओ करुण थापाले एआई फर आन्त्रपेनसीप विषयमा प्रस्तुति दिँदै व्यवसायमा एआईको प्रयोगबारे जानकारी गराउँदै भने "एआईलाई बुझ्ने गरी प्रश्न गरियो भने यसले उत्कृष्ट उत्तर दिन्छ," उनले भने, "२०२२ मा च्याटजिपीटी आएपछि यसको प्रयोग तीव्र रूपमा बढेको छ ।"

उनका अनुसार एआईले भर्चुअल असिस्टेन्ट, म्युजिक र भिडियो निर्माण, लोगो डिजाइन, बिजनेस प्लान र बजेटिङ जस्ता काममा ठूलो सहयोग गरिरहेको छ । "गुगलजस्ता प्लेटफर्मसँग विशाल डेटा भएकाले जेमिनाईजस्ता टुल अझ शक्तिशाली बनेका छन्," थापाले बताए ।

पूर्वाञ्चल विश्वविद्यालयका ईश्वर भण्डारीले डिजिटल मार्केटिङ र ई-कमर्स विषयमा प्रस्तुति दिँदै सामाजिक सञ्जाल नै आजको प्लेटफर्म र पसल बनेको बताए । "पहिले फेसबुकबाट सामान बिक्छ भन्ने कल्पना पनि थिएन, आज स्थिति पूरै बदलिएको छ," उनले भने, "कम्युनिटी अनलाइन बनाउन सकियो भने ठूलो अवसर सिर्जना हुन्छ ।" उनले डिजिटल व्यापार कुनै उमेर वा वर्गमा सीमित नरहेको उल्लेख गर्दै सबैले यसको फाइदा लिन सक्ने बताए ।

कार्यक्रममा विद्यार्थीहरूले एआईको अनुसन्धानमा प्रयोग, टेलिग्राममा आउने अफरहरू लगायत विषयमा जिज्ञासा राखेका थिए । जवाफमा एसपी कटुवालले रातारात धनी हुने लोभमा नपर्न र प्रतिबन्धित वा अविश्वसनीय प्लेटफर्मप्रति सचेत रहन आग्रह गरेका थिए ।

कार्यक्रमले प्रविधिको सही प्रयोग, सावधानी र अवसरबारे सहभागीलाई महत्वपूर्ण सन्देश दिएको कार्यक्रम संयोजक अनिल शारडाले बताए ।

# आम की पैदावार बढाने के लिए जरूरी टिप्स

जनवरी आम के पेड़ों के लिए अत्यंत महत्वपूर्ण महीना है क्योंकि इस समय फूल आने की तैयारी शुरू होती है । इस समय सही देखभाल और पोषण देने से बम्पर उपज और उच्च गुणवत्ता वाले फल सुनिश्चित किए जा सकते हैं ।

आम की पैदावार बढ़ाने के लिए जरूरी टिप्स

**१. सिंचाई का प्रबंधन :-**

- जनवरी में फूल आने से पहले पेड़ में अत्यधिक पानी न दें। अधिक पानी देने से बौर की जगह नई पत्तियाँ बढ़ती हैं, जिससे फूल कम आते हैं ।
- फूल बनने के बाद ही पानी की मात्रा बढ़ाएँ ताकि फल का आकार और गुणवत्ता अच्छी रहे ।

**२. बौर (फूल) बढ़ाने के उपाय :-**

यदि पेड़ पर बौर कम है या नहीं आ रहा है, तो निम्न उपाय अपनाएँ,

- पोटेशियम नाइट्रेट (प्ल्इरु १%) को १० ग्राम प्रति लीटर पानी में घोलकर पेड़ पर पूरा स्प्रे करें। यह सुप्त कलियों (Dormant Buds) को सक्रिय कर फूल लाने में मदद करता है।
- पैक्लोबुट्राजोल (कल्टार) प्रति पेड़ १५-२० एमएल दवा को पानी में घोलकर जड़ के पास नाली बनाकर डालें। यह भी सुप्त कलियों को सक्रिय करता है और बौर लाने में सहायक होता है ।

**३. पोषण :-**

- मिट्टी में बोरॉन (२ ग्राम/लीटर) और जिंक सल्फेट (२-३ ग्राम/लीटर) मिलाएँ। ये सूक्ष्म पोषक तत्व पुष्पन और फलधारण के लिए अत्यंत आवश्यक हैं ।
- हल्की जैविक खाद (सड़ी हुई गोबर या वर्मीकम्पोस्ट) डालें ।
- इस समय नाइट्रोजन युक्त खाद (जैसे यूरिया) न दें क्योंकि इससे पत्तियाँ अधिक बढ़ती हैं और फूल कम आते हैं ।
- संतुलित उर्वरक (१५:१५:१५) का प्रयोग जनवरी-फरवरी में हल्की मात्रा में किया जा सकता है ।

**४. रोग और कीट नियंत्रण (Plant Protection) :-**

जनवरी में आम के फूल और कलियों को कीट और रोगों से बचाना जरूरी है। इसके लिए,

- इमिडाक्लोप्रिड १७.८% एसएल
– पत्ती खाने वाले कीटों के लिए ।
- नीम ऑयल (ल्भफ इर्ष २-३%) – प्राकृतिक और सुरक्षित विकल्प, एंटी-फंगल और कीट नियंत्रण के लिए।
- कार्बेंडाजिम ५० ध्ए – ब्लाइट और फफूंदी रोगों के लिए ।
- मैन्कोजेब ७५ ध्ए – आम के फफूंदी रोगों को नियंत्रित करने के लिए ।
- छिड़काव सुबह या शाम को करें ताकि धूप में दवा जलने से बच सके ।

**५. साफ-सफाई और मिट्टी प्रबंधन :-**

- पेड़ के चारों ओर झाड़ी, घास और पुराने पत्तियाँ हटा दें ।
- मिट्टी की हल्की गुड़ाई करें ताकि जड़ों में हवा और पोषक तत्व पहुँचें। यह पौधे को मजबूत बनाता है और फूल आने में मदद करता है ।
- इन सभी उपायों को अपनाकर आप अपने आम के पेड़ से बम्पर उपज और उच्च गुणवत्ता वाले फल प्राप्त कर सकते हैं ।

# महिला उद्यमीहरूको "माई भ्वाईस, माई स्टोरी"

विराटनगर । विराट ट्रेड एक्स्पोमा उद्योग र व्यापारसँग सम्बन्धित थिमेटिक सेसन औपचारिक रूपमा सुरु भएको छ । मोरङ उद्योग व्यापार संघको आयोजनामा बुधबारदेखि सुरु भएको एक्स्पोअन्तर्गत विहीबार विभिन्न विषयमा केन्द्रित सेसनको उद्घाटन भएकोछ ।



सेसनको उद्घाटन संघका अध्यक्ष अनुपम राठी र प्रमुख अतिथि संघका पूर्वअध्यक्ष शंकरलाल अग्रवालले संयुक्त रूपमा गरेका थिए । उद्घाटन कार्यक्रममा बोल्दै संघका अध्यक्ष राठीले महिला उद्यमशीलतालाई प्रोत्साहन गर्ने उद्देश्यले यस वर्ष अलग्गै सेसन समावेश गरिएको बताए ।

"पछिल्ला दुई-तीन दशक हेर्दा उद्योग-व्यवसायमा पुरुषको वर्चस्व देखिन्छ, तर अहिले विश्वभर महिला उद्यमशीलता तीव्र रूपमा बढ्दै गएको छ," राठीले भने, "हाम्रो समाज पनि परिवर्तन हुन जरुरी छ । महिला उद्यमीका संघर्ष, समस्या र सफलताका वास्तविक कथामार्फत व्यवसायिक यात्रा कस्तो हुन्छ भन्ने सन्देश दिन खोजेका हौं ।"

उनका अनुसार सेसनले महिला उद्यमीबीच नेटवर्क विस्तार गर्न र समाजमा 'महिला उद्यमशीलता आजको आवश्यकता हो' भन्ने सन्देश प्रवाह गर्ने लक्ष्य लिएको छ । कार्यक्रम संयोजक अनिल शारडाले एक्स्पो अवधिभर नियमित रूपमा थिमेटिक सेसन सञ्चालन गरिने जानकारी दिए ।

"यो पटक फरक ढंगले एक्स्पो स्थलमै पहिलो पटक यस्ता सेसन आयोजना गरिएको हो," उनले भने, "विद्यार्थीलाई केन्द्रमा राखेर उद्यमशीलताका सैद्धान्तिक र व्यवहारिक आयामबारे ज्ञान दिने उद्देश्य राखिएको छ ।"

पहिलो दिनको पहिलो सेसन 'महिला उद्यमशीलता: चुनौती, अवसर र सफलताका कथा' विषयमा केन्द्रित थियो । 'माई भ्वाइस, माई स्टोरी' शीर्षकमा भएको छलफलको सहजीकरण श्रुती शर्माले गरेकी थिइन् । सहभागी वक्ताहरूले महिला उद्यमशीलता अझै अपेक्षित रूपमा नबढे पनि सम्भावनाका ढोका खुला रहेको धारणा राखेकी थिईन ।

सेसनकी किनोट स्पिकर विराटनगर महानगरपालिकाकी उपमेयर शिल्पा निराला कार्कीले आफ्नो उद्यमशीलता र राजनीतिक यात्राको अनुभवबारे जानकारी गराइन । "म विद्यार्थी हुँदा राजनीतिमा आउने कल्पना नै थिएन," उनले भनिन्, "विवाहपछि करिअर सकिन्छ भन्ने सोच गलत हो । मैले विवाहपछि नै धेरै उपलब्धि हासिल गरें ।"

फेसन डिजाइनिङप्रतिको रुचि, पारिवारिक व्यवसाय, बुटिक र उद्योग सञ्चालनदेखि राजनीति सम्मको यात्राबारे बोल्दै उनले भनिन्, "आफ्नै पहिचान बनाउनु पर्छ भन्ने सोचले मलाई अघि बढायो । चुनौती धेरै आए, तर हार मानिनँ ।" उनले महिला उद्यमीलाई सन्देश दिँदै भनिन्, "नेपालमा काम गर्ने वातावरण छैन भन्ने होइन, बाटो आफैं बनाउनु पर्छ । चुनौती नचिर्ने हो भने आउने पुस्तालाई झनै गाह्रो हुन्छ ।"

लिलिपुट प्रिमियर स्कुलकी सञ्चालक अमिना तिम्सिनाले शिक्षा क्षेत्रमा डेढ दशक अघिदेखिको उद्यमशील यात्राबारे आफ्ना अनुभव आदान प्रदान गरिन् । "सात जना विद्यार्थीबाट सुरु गरिएको स्कुल आज ९ सय विद्यार्थी र १२० स्टाफको परिवार बनेको छ," उनले भनिन् ।

उनका अनुसार शिक्षा क्षेत्रमा सफलता एकदिनको प्रयासले होइन, निरन्तर फोकस र अभिभावकको विश्वासले सम्भव हुन्छ । "आफूलाई अपडेट नगरे आउटडेटेड भइन्छ," भन्दै तिम्सिनाले प्रविधि र व्यवस्थापकीय ज्ञान अपरिहार्य भएको उल्लेख गरिन् ।

धरानकी उद्यमी तथा 'मनतुना चकलेट' ब्रान्डकी

बाँकी अन्तिम पेजमा...


## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

*वडा अध्यक्ष : कुमार पोखरेल*

२ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

NO SMOKING

## बगलादेशको...

मागमा विस्तार भएका देखिन्छन् ।

तसर्थ यस मामिलामा आन्दोलनको उठान साना साना मुद्दाबाट भएका कारण दुवै देश समान भोगाइ राख्छन् ।

बंगलादेशमा शासकीय सुधार, निष्पक्ष निर्वाचन र राज्य संयन्त्रमा भएको राजनीतिकरण अन्त्य गर्ने प्राथमिकता लिएर अन्तरिम सरकारका प्रमुखमा नोबेल विजेता मुहम्मद युनुस नियुक्त भए ।

प्रारम्भमा अन्तरिम सरकारले सबै तहबाट राम्रो समर्थन पायो। अवामी लिगलाई आतंकवादी समूह घोषणा गर्नुपर्ने, आन्दोलनमा भएको दमनको छानबिन हुनुपर्ने र हसिना लगायत तत्कालीन सत्तासीनहरूलाई कठोर सजाय दिनुपर्ने माग जोडतोडका साथ उठ्यो ।

अन्तरिम सरकारले त्यसै दबाबमा सन् २०२५ मे १० मा एन्टी-टेररिजम एक्ट प्रयोग गर्दै अवामी लिगमाथि प्रतिबन्ध घोषणा गऱ्यो। दुई दिनपछि निर्वाचन आयोगले दलको दर्ता निलम्बन गऱ्यो र चुनाव चिह्नसमेत खोस्यो। यसरी बंगलादेशमा विस्तारै निषेधको राजनीति सुरू भयो ।

बंगलादेश त्यतिमै मात्र रोकिएन। यही नोभेम्बर १७ मा अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरणले हसिना विरूद्धको मुद्दामा मृत्युदण्ड सुनायो। यसले गर्दा बंगलादेशमै मात्र होइन, भारत, अमेरिका, युरोपेली युनियन र संयुक्त राष्ट्रसंघसम्म व्यापक प्रतिक्रिया उत्पन्न गरायो ।

राजनीति कति कठोर हुन्छ भन्ने कुराको साक्षी नोबेल पुरस्कार विजेता युनुस बने र उनी लगातार निर्णयहरू लिँदै गए। अहिलेको मार्गमा बंगलादेश अगाडि बढ्यो भने युनुसको यात्रा सहज छैन ।

बंगलादेशमा निर्वाचनको वैधानिकतामाथि प्रश्न उठेको छ। एक ठूलो आधार भएको पार्टी बिना गरिने निर्वाचन कस्तो होला, हेर्न बाँकी छ । राजनीतिक हिंसा र ध्रुवीकरण ह्वात्तै बढ्यो। देशमा सैन्यकरणको संकेत देखियो र सन् २०२६ मा हुने भनिएको निर्वाचनको सम्भावना कम हुँदै गयो ।

यस मामलामा नेपाललाई धेरै प्रगतिशील मानिन्छ र दलहरू बिस्तारै चुनावको तयारीमा लागेको महसुस हुन्छ ।

### नेपालमा दण्डहीनता पुनः नदोहोरियोस्

दण्डहीनता नेपालमा राजनीतिक संरचनाको गहिरो र आधारभूत हिस्सा बनेको छ। २०४६ सालको आन्दोलन होस् वा सशस्त्र द्वन्द्वकालमा, ठूला अपराधहरूमा संलग्न व्यक्तिहरू आज शक्तिशाली नेता, मन्त्री वा उच्च तहका क्याडरका रूपमा स्थापित छन् ।

जनार्दन मल्लिक र कृष्ण रायमाझीको प्रतिवेदन मात्र कार्यान्वयन भएको भए अहिले नेपालको स्थिति धेरै फरक हुन्थ्यो। सायद जेन्जी आन्दोलन नहुन पनि सक्थ्यो ।

नेपालमा ठूला अपराधका अभियोगीहरूलाई राजनीतिक दलहरूले संरक्षण दिँदै आएका छन् । उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदा शान्ति प्रक्रिया भंग हुने वा राजनीतिक अस्थिरता आउने कुतर्क दिएर संक्रमण कालीन न्यायमा थुप्रै अनुत्तरित प्रश्नहरू यथावत छन् ।

अब त्यो दण्डहीनताको घटना दोहोरियो भने अर्को ठूलो दुर्घटनामा जाने निश्चित छ। यो अवस्था जेनजी आन्दोलनका पीडितहरूले न्याय नपाउने र पीडकहरूकै रजगज हुने दिन आयो भने नेपाल अर्को दुर्घटनामा जान सक्ने सम्भावना प्रशस्त छ ।

आशा गरौं, जेनजी आन्दोलनका घटनाबारे न्यायिक जाँचबुझ गर्न गठित आयोगको प्रतिवेदनले औंल्याएका कुराहरू र हालै सरकार र जेनजीबीच भएको १० बुँदे सम्झौता अनुसार सुधारहरू कार्यान्वयन पक्षमा अगाडि बढ्नेछन् ।

### निषेधको राजनीतिको खतरा

बंगलादेशमा हालै देखिएको जस्तो 'निषेधको राजनीति' यदि नेपालको जटिल राजनीतिक परिवेशमा प्रवेश गऱ्यो भने त्यो यहाँको लोकतन्त्र र शान्ति प्रक्रियाका लागि विनाशकारी हुनेछ ।

हाल देखिएका तीन पक्ष- पुराना राजनीतिक दल, जेनजी आन्दोलनकारीहरू र सरकारबीचको जटिल सम्बन्ध र जबाफदेहिताको डरले यदि कुनै एक पक्षलाई राजनीतिक प्रतिशोध साध्न कसैलाई पछाडि पार्ने प्रयास गरियो भने यसले प्रतिशोधको घातक चक्र सुरू गर्नेछ ।

नेपालको राजनीतिक संरचना 'निषेधको राजनीति' थेग्न सक्ने अवस्थामा छैन ।

संविधानले शक्ति सन्तुलनको व्यवस्था गरे पनि राजनीतिक दबाबका कारण कार्यपालिका हावी हुने गरेको छ । न्यायपालिका र व्यवस्थापिका अपेक्षित रूपमा स्वतन्त्र र प्रभावकारी हुन सकेका छैनन् ।

प्रमुख दलहरू आफै आन्तरिक गुटबन्दी र विभाजनको खतरामा छन् । 'निषेधको राजनीति' ले यी दलहरूभित्र रहेका गुटहरूलाई प्रतिशोधको खेल खेल्न उक्साउनेछ, जसले राजनीतिक अस्थिरतालाई चरम सीमामा पुऱ्याउनेछ ।

निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक संस्थाहरूमाथि राजनीतिक हस्तक्षेपको आरोप लाग्ने गरेको छ। अन्तरिम सरकारले यो आरोपलाई बिस्तारै न्यूनीकरण गर्दै लैजानुपर्छ । त्यसका लागि सुशासनको एउटा महत्वपूर्ण पक्ष निष्पक्षता र कानुनी राजमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

कानुनको आँखामा सबै समान हुन् भन्ने सन्देश दिन सकियो भने जेनजी आन्दोलनमा उठाइएका नेपो किड्स, नातावाद, कृपावाद र दलवादको असरबाट अलिकति भए पनि सकारात्मक सन्देश जानेछ ।

बंगलादेशमा निर्वाचन आयोगले सत्तारूढ दललाई प्रतिबन्ध लगाएको घटनाले देखाउँछ कि जब यी संस्थाहरूलाई राजनीतिक मतियार बनाइन्छ, तब लोकतन्त्रको आधार नै भत्किन्छ ।

त्यसैले बंगलादेशमा जस्तो कुनै राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने सम्भावना नेपालमा न्यून छ । भूलले पनि प्रतिशोधमा आधारित मुद्दा चलाउने जस्तो गलत बाटो नेपालले लिन हुँदैन ।

गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित न्यायिक आयोगको निष्पक्षता अहिलेको अहम प्राथमिकता हो ।

### बंगलादेशबाट नेपालले सिक्नैपर्ने पाँच प्रमुख पाठ

पहिलो, अवामी लिगमाथि प्रतिबन्ध लगाउने निर्णयले बंगलादेशमा लोकतन्त्रलाई नै अपूरणीय क्षति पुऱ्यायो। नेपालमा यो सम्भावना शून्यप्रायः छ। तर निर्वाचनको वैधता र स्वच्छतालाई ध्यानमा राखेर अरू प्रकारका निषेधको राजनीति गर्ने कसैलाई छुट छैन ।

दोस्रो, दण्डहीनता चिर्ने नाममा प्रतिशोधी कानुन वा निर्णय लिँदैमा लोकतन्त्र बलियो हुँदैन। बंगलादेशले यही गल्ती गऱ्यो । राजनीतिक अराजकता, हिंसा र बाह्य हस्तक्षेप बढ्यो । नेपालले त्यसबाट सजग रहनु अनिवार्य छ। यसका लागि गौरीबहादुर कार्कीको न्यायिक जाँचबुझ आयोगको निष्पक्षताले महत्वपूर्ण सन्देश दिन सक्छ ।

तेस्रो, नेपालको हालसम्मको अवस्था हेर्दा लगभग सबै ठूला दलहरूले फागुन २१ को निर्वाचनमा भाग लिने सम्भावना देखिन्छ। वा कुनै पनि आगामी निर्वाचनमा प्रमुख दलहरूलाई खेलबाटै बाहिर राखेर निर्वाचन गरियो भने राजनीतिक र प्राविधिक दुवै संकट निम्त्याउँछ ।

त्यस कारण सबै राजनीतिक दलहरूको सहभागिताका लागि सरकार र निर्वाचन आयोगले घनिभूत र नियमित वार्ता चलाइराख्नुपर्छ ।

चौथो, दण्डहीनतालाई प्रतिशोधबाट नभई विधिसम्मत रूपमा अन्त्य गर्नुपर्छ र प्रक्रिया पीडित-केन्द्रित, पारदर्शी तथा राजनीतिक लेनदेन वा प्रतिशोधमुक्त बनाउनुपर्छ ।

पाँचौं, नेपालले आफ्नो विशिष्ट भौगोलिक अवस्थाका कारण भारत, चीन र पश्चिममा शक्तिहरूसँगको सम्बन्ध सन्तुलित राख्नुपर्छ। बंगलादेश र भारतबीचको वर्तमान सम्बन्धको चिसोपनबाट पाठ सिक्दै नेपालले आफ्नो कूटनीतिक परिपक्वता देखाउनु आवश्यक छ ।

बंगलादेशको वर्तमान राजनीतिक संकटको छिटा छिमेकी राष्ट्रहरूमा नपर्ने कुरै भएन। राजनीति प्रतिशोधमा गएपछि न्याय विस्थापित हुन्छ र त्यसले सम्हाल्न नसक्ने गरी संकटकाल निम्त्याउँछ भन्ने उदाहरण बंगलादेश बनेको छ ।

दिनदहाडै गोली प्रहार गरेर उम्मेदवारहरूकै हत्या गर्ने वातावरणले निर्वाचनको वैधानिकतामाथि ठूलो प्रश्न खडा गरेको छ । अब बंगलादेशले कानुनी प्रक्रियालाई बदला लिने औजार बनाउनु हुँदैन । बंगलादेशी सरकारले त्यस्तो गल्ती गऱ्यो भने अराजकता र विभाजनको दरार झन् बढ्ने सम्भावना छ ।

विधिसम्मत समाधान र न्याय खोजिरहेका देशमा नेपालका लागि यो सन्देश झनै संवेदनशील छ ।

यदि नेपालमा न्याय बंगलादेशमा जस्तै 'प्रतिशोध' मा रूपान्तरित भयो भने, त्यसले फेरि अर्को हिंसात्मक चक्रको सुरूआत गर्न सक्छ। बंगलादेशको 'निषेधको राजनीति' गरेर कुनै पक्षलाई राजनीतिक खेलबाट बाहिर राख्ने काम नेपालमा हालसम्म देखिएको छैन । तर पनि सरकारले नियमित र घनिभूत रूपमा दलहरूसँग वार्ता गरिरहनुपर्छ । बंगलादेशको जस्तो कहालीलाग्दो ठाउँमा नेपाल नपुगोस् ।

आगामी फागुन २१ को निर्वाचन, दलहरूबीचको बढ्दो अविश्वास र असन्तुष्टिका कारण कठिन मोडमा नेपालले गर्ने निर्णय अत्यन्त महत्वपूर्ण छ । नेपालले बंगलादेशजस्तो निषेध र प्रतिशोधको बाटो रोज्नु हुँदैन। आपसी सहमति, समावेशिता र संवैधानिक मार्गलाई नै प्राथमिकता दिनुपर्छ ।

अबको समय निषेधको होइन, स्वच्छ प्रतिस्पर्धाको हुनुपर्छ। आगामी दिन प्रतिशोधको होइन, वास्तविक न्यायको हुनुपर्छ । नेपालले ध्रुवीकरणको साटो सहमति अँगाल्ने सामर्थ्य देखायो भने मात्र फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन स्वतन्त्र, स्वच्छ, विश्वसनीय, समावेशी र भयमुक्त रूपमा सम्पन्न गरी संक्रमणकालको सफल व्यवस्थापन गर्न सम्भव हुनेछ ।

(लेखक रमेश अधिकारीले तीन दशक सुशासन तथा निर्वाचन प्रक्रियामा नेपालसहित श्रीलंका र अफगानिस्तानमा काम गरेका छन् । सेतोपाटीबाट सभार




## प्रतिवन्धित लागुऔषध सहित ८ जना पक्राउ

विराटनगर । मोरङ र सुनसरी जिल्लाको भिभिन्न ठाउँबाट प्रतिवन्धित लागु औषध सहित ८ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

घटना विवरण अनुसार मोरंगको बुढिगंगा-२ शिबम पेट्रोल पम्प स्थितबाट प्रतिबन्धित लागू औषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थिये । गत आईतवार सिभिआर पोष्ट बाँसबारीको प्रहरी टोलीले चेकजाँचको क्रममा धरान-१५ का सुजन तामाङ , सुन्दरहरैंचा-४ का सागर कट्टेल र केराबारी-३ का सोनाम लिम्बुलाई प्रतिबन्धित लागू औषध ट्रामाडोल-४०० ट्याब्लेट र डाईक्लोमाइन ४ सय ५० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका- ११ बुधबारे स्थितबाट नियन्त्रित औषधी आईतवार प्रहरी चौकी मधुवनबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र नगरपालिका-८ का अभिषेक आछामी र रबिन सार्कीलाई ट्रामाडोल ६०० क्याप्सुल, स्पास्पेन २५० ट्याब्लेट र कफ डी २० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

लागू औषध ब्राउन सुगर सहित मंगलवार सुनसरीको इटहरी-४ स्थित इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सोहि स्थानका टिका राईलाई ४ ग्राम २३ मिलिग्राम ब्राउन सुगर नियन्त्रणमा लिएको थियो ।

त्यस्तै मोरङको इलाका प्रहरी कार्यालय रानीले विराटनगर-१६ बाट उर्लाबारी-७ का कृष्ण कटुवाल र झापाको दमक-१० का टाइसन लिम्बुलाई १ ग्राम ९४ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

लागू औषध ब्राउन सुगर सहित पक्राउ परेका आठै जनालाई सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## लागुऔषध गाँजा बोकेको बोलेरो गाडी सहित २ पक्राउ

विराटनगर । उदयपुरको चौदण्डीगढी नगरपालिका-३ स्थितबाट ७ सय ६३ किलोग्राम ७०० ग्राम लागू औषध गाँजा बोकेको बोलेरो गाडी सहित २ जना मानिसलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

शुक्रवार राती इलाका प्रहरी कार्यालय बेल्टार र लागुऔषध नियन्त्रण व्युरो बिराटनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले चौदण्डीगढी नगरपालिका-३ स्थित पैतालिस चौकबाट गाईघाट तर्फ आउदै गरेको को.१ ज ३४५६ नं. को बोलेरो गाडीलाई चेकजाँच गर्दा गाडी भित्र ३० बोरामा राखेको ७ सय ६३ किलोग्राम ७०० ग्राम गाँजा बरामद गरी चालक बेलका नगरपालिका -६ का रविन कुमार राई र सोही गाडीमा सवार बेलका नगरपालिका -९ का राम बहादुर राईलाई पक्राउ गरेको थियो ।

पक्राउ परेकाहरुको थप अनुसन्धान भई रहेको प्रहरीले जनाएकोछ ।

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : तिर्थेन्द्र न्यौपाने**

११ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश